हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट् दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : १९ पृष्ठ : ४ २०७७ साउन १९ गते सोमबार (Monday 3 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

## आज रक्षाबन्धन र जनैपूर्णिमा मनाइँदै



**लहान ।** आज रक्षाबन्धन तथा जनैपूर्णिमा, नाडीमा डोरो बाँधेर र नयाँ जनै लगाएर मनाइँदै छ। आज मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितहरुले यजमानको नाडीमा बाँधिदिने गरिन्छ।

विगतमा रक्षा बन्धन अर्थात जनैपूर्णिमाको दिन देशभर सार्वजनिक विदा दिने गरिए पनि यस वर्ष भने विदा कटौती गरिएको छ। कतिपय प्रदेश सरकारले भने आफ्नो प्रदेशमा विदा दिएका छन्।

रक्षा बन्धन बाँध्ने प्रचलन सत्ययुगदेखि नै चलिआएको मानिन्छ। पौराणिक कथनअनुसार सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु बृहस्पतिले रक्षा विधान तयार गरी बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन तथा विचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए।

यसै कारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितहरुले येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने प्रचलन छ। आजकै दिन तागाधारीले आफ्नो जनै ( यज्ञोपवीत) फेर्छन्। जनै फेर्ने र डोरो बाँध्नेहरुको मन्दिर परिसरहरुमा बिहानैदेखि घुइँचो छ।

जनै फेर्नेहरुले हिजैदेखि कपाल मुण्डन गरी एक छाक मात्र खाएर चोखोनितो गरी बसिन्छ। यसरी व्रत बसेका तागाधारीले आज बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन र सप्तमृत्तिका लगाएर स्नान गर्दछन्। स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै ( यज्ञोपवीत) फेरिन्छ। कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको छ।

वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोसमेत भनिन्छ। जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रुपमा पुजिन्छ। अर्को डोराको तीन वटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रुपमा मानिन्छ।

यस किसिमको महत्व भएकाले नै आज बिहानै यजमान आफना गुरु पुरोहित कहाँ गई यज्ञोपवीत मन्त्रने गर्दछन्। आजकै दिन मन्त्रेको जनै वर्षभरिका धार्मिक कर्ममा प्रयोग गरिनुका साथै फेर्नेलाई समेत उपयोग गरिन्छ। कुनै पनि धार्मिक कर्म गर्दा र जुठो, सूतकबाट चोखिँदा आजकै दिन मन्त्रिएको यज्ञोपवीत फेरेर शुद्ध भइन्छ भन्ने वैदिक मान्यता छ।

आजकै दिन शरीर शुद्ध गरी देवता, ऋषि र पितृलाई पनि तर्पण गरिने भएकाले नै ऋषि तर्पणी समेत भन्ने गरिएको हो। आज ११ थरिका गेडागुडी मिसाइ भिजाएर टुसा उमारेर क्वाँटी बनाई खाइन्छ। यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक मान्यता छ।

### कोरोना भाइरस रोग (कोभिड-१९)

- घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने ।
- घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने ।
- पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं ।
- बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध-बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं ।
- बाँझो जग्गामा बोटविरुवा रोपौं ।
- घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं ।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं ।
- आर्थिक कार्यमा महिला सहभागीता बढाऔं ।

**दलित जनकल्याण युवा क्लब लहान-१४ द्वारा जनहितमा जारी**

## 'जीवन काँडा कि फूल'



**जीवन काँडा कि फूल । झमक घिमिरेद्वारा लिखित आत्मकथा हो यो । पुस्तकमा झमकले आफूले भोगेको पीडा र संघर्षको गाथा ब्यक्त गरेकी छन् । २०६८ सालमा यही कृतिमा मदन पुरस्कार पाएकी झमकले यो समाजको यथार्थ चित्रण पुस्तकमा उत्तारेकी छन् । सफल र ज्यादै लोकप्रिय कृति अहिलेपनि नेपाली समाजको प्रतिविम्व बनेको छ । .**

**पुरनीदेवी चौधरी, ५०, लहान नगरपालिका-१ मटिअर्वा**

म कस्तो घरमा जन्म लिए। हुन त जन्म र मृत्यु संसारिक नियम हो। आमा भगवानले पनि हाम्रो कुरा सुन्दैनन्। यो २० वर्षीया सविताको शब्द हो। छोरीको यही शब्दले ५० वर्षीया पुरनीदेवी चौधरीको मन हिजोआज कटक्क खाईरहन्छ। पति झरिया हुँदा लहान बजारमा रिक्साको पाईडल घुमाएर गुजारा चलाएकैं थियो। ११ वर्ष भएछ। लामो स्वास तान्दै पुरनीले व्यथा पोखिन्, पति झरिया गुमाउनुको पीडा।त परिवारमा ३० वर्षीय छोरा रुदल र २० वर्षीया छोरी सविता छिन। रुदल शारीरिक रुपमा प्रविष्ट छैनन् अर्थात अपांग। रुदलका दुई छोरी छन्।

छोरी सविताको विवाह गर्न बाँकी छ। तर, विवाह कसरी गर्ने भन्नासाथ उनी धरधरी रुन थाल्छिन्। र, छोरीले भनेका शब्दहरू सम्भिन पुग्छिन पुरनीदेवी। पुरनीको पति दुई दाजुभाइ झगरु र झरिया। पुर्खौली सम्पत्ति १०-१५ धुर जग्गा छ। उनको भागमा ४ धुर जग्गा पर्‍यो। त्यही जग्गामा बसोबास गर्दै आएकी पुरनीको परिवार वर्षातमा पुरै घर डुवानमा छ। पानीको निकास छैन्। घर आँगनमा वर्षाभरी पानी जम्छ। पानीमाथि ईंटा राखेकि छिन्, त्यही ईंटामाथि सुत्ने खाटको चारवटा खुट्टा अडाएको छ। दुई महिनादेखि त्यही खाटमा परिवारको रात कटेको छ। ससाना नातिनीहरु जमेको पानीमा डुब्ला कि भने पिरलोले बुहारीसँगै माइतीघर पठाएकी छन। पति वितेदेखि पुरनीकै काँधमा कमजोर र अपांग परिवारको जिम्मेवारी थपिएको छ। उनी एकाविहानै लहान बजारमा घर बनाउने कामको लागि मजदुरीमा जान्छिन्। मजदुरी गरेर ल्याएको पैसाले घरको चुल्हो बाल्छिन्। ७ कक्षा पढेकी छोरी सविता पनि केही दिनदेखि निजी अस्पतालमा ७-८ हजारको जागिर गर्न थालेकीले साथ पाएकी छिन पुरनीदेवीले।

## दु:खीको घरमा पुगेर महेश-संगीताले बाँडे राहत



**लहान।** सिरहाको लहान नगरपालिका १ मटियर्वाको पुरनीदेवी चौधरीको दुखान्त समाजिक संजालमा सार्वजनिक भएपछि समाजसेवी तथा कांग्रेस नेता महेश चौधरी र संगिता कर्माचार्यले राहत वितरण गरेका छन्। पीडितको घरमै पुगेर उनीहरुले राहत उपलब्ध गराएको हो।

राहतमा एक बोरा चामल, नुन र तेल हस्तान्तरण गरेको छ। चौधरी काँग्रेस सिरहाका जिल्ला सदस्य र संगिता काँग्रेस भगिनी संगठन नेपाल महिला संघकी केन्द्रिय सदस्य हुन्। उनीहरुले पुरनीको घर बनाउन पनि सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

पुरनीलाई राहत हस्तान्तरण गर्न पुगेका उनीहरुले सोही ठाउँमा ४० वर्षदेखि गाउँमा मागेर जीविका चलाउँदै आएकी ६७ वर्षीया नेपुरदेवीलाई पनि राहत सामग्री बाडेको छ।

## सम्पादकीय

# युवाहरुको सराहनीय काम गोसाई ताल

**भनिन्छ– समय बलवान हुन्छ । समयले सिकाउँछ र परिपक्व बनाउँछ । लामो समयसम्म जीवनको उकाली–ओराली, हर्ष–विस्मात, मान–अपमान, ज्ञान, सीप, अनुभव संगालेका तथा समाजको विकास, सामाजिक रुपान्तरणमा प्रत्यक्ष सहभागी ज्येष्ठ नागरिक हरेक समाजमा सम्मानित हुन्छन् । राष्ट्रिय संस्कृतिको धरोहर र उच्च संस्कारका संवाहक ज्येष्ठ नागरिक राष्ट्रको गौरवपूर्ण इतिहासका निर्माता र प्रेरणाका अजस्र श्रोतपनि हुन् ।**

**बुढेसकालले छोएपछि घरको आँगनभन्दा पर जान समेत नपाएका बृद्धबृद्धाहरुबाट सिकेर युवाहरुले राष्ट्रिय संस्कृतिको धरोहर र उच्च संस्कारलाई जीवन्त राख्नुपर्छ । ज्येष्ठ नागरिक र युवा पुस्ताबीचको अन्तरसम्वन्धलाई घनिष्ठ र मर्यादित बनाउने दायित्व निर्वाह युवाहरुले नै गर्नुपर्छ । अर्कोतर्फ भन्ने हो भने युवा पुस्ता राष्ट्रका भविष्य हुन् । सुन्दर, स्वच्छ र हुर्कदो युवा मनमष्तिस्कमा पर्ने प्रभावले युवाहरुको चरित्र निर्माण हुन्छ । यस्तो अवस्थामा युवाहरुलाई आफ्ना अग्रजबाट प्राप्त हुने सुरक्षा, माया, ममता, अनुभवको हस्तान्तरण र दिशा निर्देशले उनीहरुको चरित्र निर्माणमा अतुलनीय योगदान पुऱ्याएको हुन्छ । के धनी के गरिब सबै परिवारमा ज्येष्ठ नागरिकको पारिवारिक तथा सामाजिक जिम्मेवारीले युवाहरुलाई भावी भूमिका प्रति सचेत गराएको हुन्छ । ती अनुभव र भावी भूमिका अन्तत : गाउँ, शहर र राष्ट्र निर्माणका लागि बलियो आधार बन्न सहयोगी हुन्छन् ।**

**बुढापाकाको अर्ति शिक्षा युवाहरुका लागि संजीवनी सरह हुन्छ भन्ने मान्यतालाई कायम राख्न समाजका हरेक वर्ग, समुदाय सचेत हुनु पर्दछ । यसको ज्वलन्त उदाहरण बनेका छन् लहान नगरपालिका–१५ युवाहरु । जसले वर्षौंदेखि कायम रहेको परम्परालाई जीवन्त राख्दै झौवाई खोल्सीलाई पुनर्निर्माण गरी धार्मिक पर्यटकीय स्थल 'गोसाई ताल' बनाएका छन् । त्यसो त त्यस क्षेत्रमा गोसाई डाँडाको आफ्नै पौराणिक महत्व छ । गाउँलेद्वारा २०३३ सालदेखी संरक्षित १५ बिघा क्षेत्रफलमा फैलिएको लहान नगरपालिका–१५ बानोस्थित झौवाई खोल्सीलाई स्थानीय युवाले संरक्षण गरी धार्मिक पर्यटकीय स्थलको रुपमा रुपान्तरण गरेका छन् । उनीहरुले धार्मिक पर्यटनका लागि खोल्सीको नाम नै परिवर्तन गरि गोसाई ताल नामाकरण गरेका छन् ।**

**१५ बिघा क्षेत्रफलमा फैलिएको माललाई जिर्णोद्धार गरि युवाहरुले पोखराको मिनी फेवातालको झल्को दिने गरी जिर्णोद्धार गरेका छन् । पोखरी नाम फेरिएर गोसाई ताल बनेको छ । तालमा दुई वटा बोटिङको व्यवस्था गरिएको छ । वरिपरी तालको बीच भागमा पोखराको फेवाताल झैं मन्दिर निर्माण गर्ने योजना बनाइएको छ । तालको बीचमा रहेको ढिस्कोमा पुग्न बोटिङको व्यवस्था गरिएको छ ।**

**स्थानीय युवाहरुले ताल संरक्षण गरेपछि बोटिङको मज्जा लिने आगन्तुकहरुको संख्या बढ्न थालेको छ । गोसाई तालको शिरान डाँडाको टुप्पोमा शिव मन्दिर स्थापना गरिएको छ । जहाँ सोमबार तीर्थालुहरु गोसाई तालको जल लिएर चढाउन पुग्छन् ।**

**चारैतिर चुरे वनक्षेत्रले घेरिएको ताल वरपर विभिन्न स्थानमा २० वटा विश्रामस्थल निर्माण गरिएको छ । जहाँबाट ताल र चुरे वनक्षेत्रको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ । चराचुरुंगीको चिरबिर ध्वनीले दृश्यावलोकन सँगै जोकोहीको मनलाई उद्वेलित बनाउँछ । यो युवाहरुको सह्रानीय कार्य हो । त्यस क्षेत्रको विकासमा सबैले हैंसेमा होस्ठे गर्न आवश्यक छ । जसले युवाको गुरुयोजनालाई सहयोग पुऱ्याओस ।**

# अस्वस्थ पृथ्वीमा कसरी स्वस्थ हुन सक्छौं ?

**कल्पना पुन**

कोभिड–१९ को सम्भावित फैलावट रोक्न लकडाउन गर्ने क्रममा वातावरणीय क्षेत्रमा केही सकारात्मक परिवर्तन देखिए । लकडाउनमा मानव गतिविधि रोकिँदा विश्वका अधिकांश सहरमा वायुप्रदूषण निकै कम भयो । यसबेला नदिनाला सफा भए । वातावरण स्वच्छ भयो । धुलो र धुँवालग्रस्त सहरका रूख–विरूवाले स्वास फेर्न पाए ।

वायु र जल प्रदूषणले ग्रस्त संसारका अधिकांश क्षेत्रमा बन्दाबन्दीले प्रदूषणको मात्रा घटाएको देखिएको छ । बन्दाबन्दीको अवधिमा वातावरणीय क्षेत्रमा देखिएको सुधारलाई पर्यावरण संरक्षणकर्ताले नयाँ तरिकाले अर्थ्याउन थालेका छन् । उनीहरू भन्न थालेका छन् । प्रकृति संरक्षणका लागि मान्छेले आफनो जीवनशैलीमा सुधार गर्नुपर्छ ।

यद्यपि, जीवनशैली शब्द जति सहज सुनिन्छ यसमा परिवर्तन ल्याउन त्यति सहज छैन । मानव जीवलाई निरन्तरता दिन चाहिने सम्पूर्ण सहज, असहज बनाउन प्रयोग भइरहेका चीजहरू प्रकृतिबाटै प्राप्त हुन्छन् ।

जीवनशैली परिवर्तन गर्न मानव समुदायलाई निकै ठूलो चुनौती छ । तर, असम्भव होइन् । हामीले मोबाइल र इन्टरनेटलाई एक दशकको अवधिभित्रै संसारभर पुऱ्याएर मानिसलाई अभ्यस्त बनायौं । यही गतिमा हामी हाम्रो जीवनशैली परिवर्तन गर्न सक्छौं त ? यदि सक्दैनौं भने हामी आफूमात्र होइन समग्र पृथ्वीलाई नै समाप्त पार्ने बाटोमा छौं ।

पृथ्वी मानवको मात्र होइन किनकि करोडौं प्रजातिका असंख्य जीवन पृथ्वीमै छन् । यी असंख्य जीवनहरू एकअर्कासँग अन्तरसम्बन्धित छन् । यही विविधताले नै पृथ्वीलाई जीवनले भरिपूर्ण बनाएको छ । त्यसैले पृथ्वीलाई जीवित ग्रह भनिन्छ ।

पृथ्वीसँग जीवन प्रदान गर्ने अद्भूत क्षमता छ । तर, यो क्षमता अब कमजोर हुँदै गएको छ । डब्लुडब्लुएफ (विश्व वातावरण कोष) का विज्ञान तथा संरक्षण विभागका निर्देशक माइक ब्यारेट भन्छन् 'पृथ्वीमा आएका हर एक जीवले पृथ्वीको वातावरण जीवनका लागि सहज बनाउन योगदान गरे । पृथ्वीको माटो र पानीले जीवनलाई झनै उर्वर बनायो ।'

बढ्दो जैविक विविधताले पृथ्वीको जीवन जटिल बन्दै गयो । यो जटिलता नै नयाँनयाँ जीवन निर्माण गर्ने पूँजीको रूपमा विकसित भयो । जैविक विवधताको यो अथाह पूँजीले नै आज यो ग्रहमा यति धेरै जीवन सम्भव भएको हो ।

पृथ्वी आफैंमा एउटा जीवित ग्रह जस्तै हो । पृथ्वीलाई आफ्नो निवास बनाएका असंख्य जीवहरू नै यसका प्राण हुन् । पृथ्वीका अंग हुन् । पृथ्वीलाई स्वस्थ्य राख्न पृथ्वीमा रहेका हरेक जीवनको भूमिका छ । उदाहरणका लागि पृथ्वीका उत्तरी र दक्षिणी धुव्रले पृथ्वीका लागि एअर कन्डिसनको काम गर्छन् । यी ध्रुवले सुर्यबाट आउने उग्र ताप र हानीकारण किरणलाई परावर्तित गर्दै पृथ्वीलाई चिसो बनाइराख्छन् । समुद्री हिउँले सामुन्द्रिक जीवका लागि खाद्यान्न सञ्चय र उत्पादन गर्दछ ।

नदीहरू पृथ्वीका धमनी हुन् । नसा हुन् । हिमाल, ताल, पहाडबाट सुरू भएर बग्ने यी नदिले जीवनदान गर्ने पोषण र पानी बोक्छन् । पृथ्वीभर फैलिएर रहेका विशाल जंगल, समुद्रमा तैरिरहेका खरबौं माइक्रोस्कोपिक बिरूवाहरूले कार्बनलाई प्रशोधित गर्दै वायुमण्डल जोगाएका छन् । घना जंगलका रूखहरूले सञ्चित गरेको सूर्यको शक्ति प्रयोग गरेर पानी पार्न तथा अक्सिजन उत्पादनका लागि मद्धत गर्छन् ।

पृथ्वीमा रहेका यी असंख्य जीवनको संयुक्त कलाकारिताले नै पृथ्वीमा जीवन सम्भव भएको हो । यही कलाकारिता नै जैविक विविधता हो । जैविक विवधता जोगाउनु नै पृथ्वी जोगाउनु हो ।

गएका १२ हजार वर्ष यता पृथ्वीमा मानिस हाबी भएको छ । पृथ्वीभरका जीवन र पृथ्वीको भविष्य निर्माता भएको छ मानव । १२ हजार वर्ष यताको समयलाई वैज्ञानिकहरू होलासीन भन्छन् । वैज्ञानिकहरूको खोजले पत्ता लगाए अनुसार होलोसिन नै पृथ्वीको सबैभन्दा स्थिर र शान्त समय हो । यही समयमा हाम्रो सभ्यताको जन्म भएको हो । यही समय हो जसले हामीलाई पृथ्वीमा हाबी बनायो ।

पोष्टड्याम इन्स्च्युट फर क्लाइमेट इम्प्याक्टका अनुसन्धान निर्देशक जोन रकस्ट्रम भन्छन् ( होलोसिनको सुरूवात संगै पृथ्वीको मौसममा देखिएको यो स्थिरताले नै हामीलाई ऋतुहरू प्रदान गर्यो ।

ऋतुहरूको पार्दुभाव सँगै हामीले निश्चित समयमा पानी पर्छ भन्ने थाह पायौं । निश्चित समयमा जाडो हुन्छ, हिउँ पर्छ र गर्मी हुन्छ भन्ने चाल पायौं ।

हामीले घाम, पानी र हिउँको चक्र थाह पायौं । यही चक्रका आधारमा हामी कृषि युगमा प्रवेश गर्यौं । र, तपाईहरू सबैलाई थाह छ, कृषि युगले ने हामीलाई आधुनिकतातर्फ डोर्याएको हो ।

ऋतुहरूको यो चक्र चाल पाइसकेपछि पृथ्वीमा हाम्रा जरा दह्रोसँग गाढिए । हाम्रो जनसंख्या बढ्न थाल्यो । जैविक इन्धनको विकासले हामीलाई मेसिनको युगमा पुर्यायो । र, पृथ्वीको दोहन यहीँबाट सुरू भयो । जोन रकस्ट्रम थप्छन् 'सन् १९५५ सम्म पनि मानिसले पृथ्वीमा भयंकर प्रभाव पारिसकेको थिएन् । हामी यो ग्रहका सानो विश्व मात्र थियौं । तर, दोस्रो विश्वयुद्धको १० वर्षमै प्रविधि विकासले तिव्र गति लियो । शान्ति, समझदारी र विश्वासको वातावरण बन्यो । यही वातावरणले आधुकिता तर्फको हाम्रो गतिमाइन्धन थप्यो । र, यो गति आजसम्म यथावत छ ।'दोस्रो विश्वयुद्धको समाप्तिपछि मानव समुदायले तिव्र गतिमा आफ्नो जीवनशैली नाटकीय रूपमा परिवर्तन गर्यो । प्रविधिको सहयोगमा हामी एक अर्कासँग जोडियौं । हाम्रो यही सम्बन्धले व्यापारमा नयाँ आयाम थप्यो । व्यापार उत्कर्षमा पुग्यो । यस अगाडि असंभव ठानिएको उत्पादन क्षमता हामीले प्रस्तुत मात्र गरेनौं, खपत नै गर्यौं ।

पछिल्ला ५० वर्षमा पृथ्वीमा मानिसको जनसंख्या दोब्बरभन्दा बढीले वृद्धि भयो । र, हरेक मान्छे एउटा नयाँ उपभोक्ता बन्यो । तर, यही अवधिमा हामीले पृथ्वीका प्राकृतिक स्रोतको भरपुर दुरूपयोग गर्यौं । पृथ्वीको शोषण गर्यौं । त्यसैले त वैज्ञानिकहरू भन्छन, स्वागत छ, एन्थ्रोपोसिन युगमा ।' अर्थात् मानिसले पृथ्वीमा रजगज गरेको समय ।

जमिनको तीन भाग, सामुद्रिक पानीको दुई भाग मानिसका त्रियाकलापले नराम्रोसँग प्रभावित भएका छन् । पानीको मुख्य स्रोत मानिने हिउँ ४० प्रतिशतले घटेको छ । पृथ्वीका धमिन र नसा भनिने नदी, तालहरू सुख्खा हुँदै गएका छन् ।

पृथ्वीको आधाभन्दा बढी जमिन हामीले कब्जा गर्यौं । पृथ्वीमा रहेका ठूलाठूला जंगल फँडानी गरेर हामीले सभ्यता विकास त गर्यौं । तर, हाम्रो सभ्यता पृथ्वीका लागि भने अभिशाप साबित हुँदैछ । वर्ल्ड रिसोर्स इन्सिच्युटका सिनियर फेलो कार्लोस नोर्बेका अनुसार पृथ्वीको ६० प्रतिशत जंगल त हामीले मासु उत्पादनका लागि जनावर पाल्नमात्रै मासेका छौं । ३० प्रतिशत जंगल खेती गर्न । बाँकी जमिन बासस्थान बनाउन ।

हाम्रो दोहन कहाँसम्म पुगेका छ भने, समुद्रका ९० प्रतिशत ठूला शिकारी जनावर हामीले गुमाइसकेका छौं । पछिल्ला ५० वर्षमा पृथ्वीबाट जंगली जनावरको संख्या औसतमा वार्षिक ६० प्रतिशतले घट्दो छ । जंगली जनावरलाई हामीले घरपालुवा जनावरले विस्थापित गर्यौं । हामी र हाम्रा पाल्तु जनावर नै पृथ्वीका ९० प्रतिशत स्तनधारी प्राणी हौं । प्राकृतिक दुनियाँमाथि हाम्रो कब्जा सफल भएको छ । त्यसैले त पृथ्वीको आधाभन्दा बढी उर्वर भूमि कब्जा गरेर हामी कृषि गर्छौं । प्रत्येक वर्ष पृथ्वीको तापक्रम बढ्नुका साथै हावा प्रदूषित हुँदै गइरहेको छ । डब्लु डब्लु एफ्को अध्ययनअनुसार त पृथ्वीका ९० प्रतिशतभन्दा बढी मानिस प्रदुषित हावामा श्वास फेर्छन् । निशंकोच यो हावा हामीले नै प्रदुषित बनाएका हौं । तात्दै गएको पृथ्वीको मौसमी चक्र बिथोलिएको छ । अब पहिले जस्तो सहजै मौसम अनुमान गर्न नसकिने भएको छ । मौसमी चक्र बिथोलिँदा यसको सिधा असर कृषि उत्पादनमा परेको छ ।

मौसमी चक्र विथोलिँदा घट्न गएको कृषि उत्पादन बढाउन हामीले विषादी प्रयोग गर्यौं । परिणाम हाम्रो स्वास्थ्य मात्र बिग्रिएन, माटोको उर्वरता शक्ति घट्यो । कृषि उत्पादनका लागि आवश्यक मानिने माटोमा पाइने स–सना जीवनको विनाश भयो । यी सबैको एकमुष्ट असर फेरि कृषि उत्पादनमै पर्यो ।

तपाईंले कहिल्यै कल्पना गर्नुभएको छ, पृथ्वीले हामीलाई निःशुल्क प्रदान गरिहेको कुरा ? उपहारमा पाएको शुद्ध हावा, पानी, मलिलो माटो र अन्य प्राकृतिक चिजको मूल्य तिर्नु परेको भए के हुन्थ्यो ?

मूल्य तिर्नु परेको भए मानव विश्वको कूल ग्राहस्थ उत्पादनको दुई गुणाले पनि पृथ्वीले प्रदान गरेका स्रोतको मूल्य तिर्न सकिँदैन । हाम्रो र हाम्रो ग्रहको भविष्य अब हाम्रो हातमा छ । अन्तर्राष्ट्रिय कृषि अभियन्ता ब्रेन स्मित भन्छन् जलवायु परिवर्तनसँग सम्बन्धित हाम्रा नीतिहरू कमजोर भए भने एक दिन यसले भयंकर बेरोजगारी निम्त्याउने छ । र, परिणाम पृथ्वी मृत ग्रह सावित हुनेछ ।'

संसारको एक कुनामा देखिएको कोरोनाको प्रभाव जसरी संसारभर देखियो त्यसरी नै पृथ्वीको कुनै एक ठाउँको जंगल विनाश हुँदा । कुनै एक ठाउँको ताल, नदी सुक्दा वा कुनै समुऽ प्रदुषित हुँदा । कुनै हिमालको हिउँ पग्लिँदा यसको असर सारा पृथ्वीबासीले भोग्नुपर्छ ।

पृथ्वीमाथिको बढ्दो संकट समग्र पृथ्वीकै जीवनको संकट हो । पृथ्वीमाथि यो संकट निम्त्याउने मानव नै हुन् । त्यसैले यो संकटबाट पार लगाउने । यो संकटबाट पृथ्वीलाई जोगाउने पनि मानव नै हुन् ।

यसका लागि सबैभन्दा पहिले हामीले हाम्रो उपभोगको तरिका र आर्थिक प्राथमिकतामा व्यापक परिवर्तन गर्न जरूरी छ । हाम्रो आर्थिक गतिविधि र जीवनशैलीलाई नयाँ संरचनामा ढाल्नुपर्छ । जीवनशैलीको अभ्यासलाई नयाँ रूप दिनुपर्छ किनभने पृथ्वी जोगाउने वा बिगार्ने ड्राईभिङ सिटमा हामी छौं । किनभने पृथ्वीको जैविक विविधताको सबैभन्दा धेरै लाभ उठाउने हामी नै हौं ।

वैज्ञानिक र अनुसन्धाताहरूका अनुसार पृथ्वीलाई जोगाउन वैकल्पिक मार्ग तय गर्न हामीसँग जम्मा १० वर्ष मात्र छ । १० वर्षभित्र हामीले हाम्रो जीवनशैली परिवर्तन गरेनौं भने पृथ्वीमा रहेका सम्पूर्ण जीवनको हत्यारा बन्ने छौं ।

वातावरण अभियन्ताहरू भन्दै आएका छन् पृथ्वीको दोहन गर्ने र दोहनबाट उत्पादन गरिएका वस्तुको न्युन खपत, पुनः प्रयोग र पुनः उत्पादन (रिसाइकल) नै पृथ्वी जोगाउने मन्त्र हो । यो मन्त्र सरकार र उपभोक्ता सबैले पालना गर्नुपर्छ । पृथ्वी तपाईं–हामीले कल्पना गरेभन्दा धेरै गुणी छ । पृथ्वीको गुणी स्वभाव कोरोना कहरको बन्दाबन्दीमा उजागर भएको छ ।

# संक्रमणको ग्राफले भन्छ : वीरगञ्जमा राँको दन्किसक्यो

**काठमाडौं ।** राजधानीदेखि १९२ किलोमिटर टाढाको पर्सा जिल्ला अहिले कोरोना महामारीको चपेटामा छ । ३१ असारमा नारायणी कोरोना विशेष अस्थायी अस्पतालमा उपचाररत१३ वर्षीय एक कोरोना संक्रमितको मृत्युले वीरगञ्जलाई खतराको संकेत दिएको थियो । यद्यपि उनी रौतहटका थिए । साउन ६ गते सोही अस्पतालमा ७० वर्षीय संक्रमितको मृत्युले वीरगञ्जलाई थप सम्वेदनशील बनायो ।

आइतबारसम्म कोरोनाका कारण वीरगञ्जमा मात्र ११ जनाको मृत्यु भैसकेको छ। ४०५ जना कोरोना संक्रमति उपचारको क्रममा छन् भने १७६ संक्रमित निको भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकले देखाउँछ।

पछिल्लो हप्ता वीरगञ्ज शहर कारोना संक्रमणको हट स्पटकै रुपमा देखा परेको छ । महानगरपालिका मेयरसमेत संक्रमणबाट अछुतो रहेनन् । अहिलेसम्म आइपुग्दा पीपीईसहित उपचारमा खटिने स्वाथ्यकर्मीसम्मलाई कोरोनाको संक्रमणले छोइसकेको छ । वीरगञ्ज महानगरपालिका मेयर विजयकुमार सरावगी पनि अहिले आइसियुमै छन् ।

नारायणी अस्पतालका एकजना चिकित्सक आइसीयू कक्षमा उपचाररत छन् । उनको अवस्थामा गम्भीर रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. मदन उपाध्याय बताउँछन्।

वीरगञ्ज महानगरपालिकामा ३२ वडा छन् । र, कुनै पनि वडा बाँकी छैन, जहाँ संक्रमित नभएको होस्। पछिल्लो हप्ता स्वाब परीक्षणका क्रममा औसत दैनिक ५० जनामा कोरोना पोजेटिभ देखिएको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी विष्णुकुमार कार्की भन्छन्, 'हामीले कोरोना संक्रमितको संख्या तीनजनामा झारिसकेका थियौँ। लकडाउन खुलेसँगै संक्रमितको संख्या ह्वात्तै बढ्यो।'

संक्रमितको संख्यात्मक हिसावमा वीरगञ्ज दोस्रो नम्बरमा छ। स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार सबैभन्दा ७६८ बढी जना संक्रमित रौटहटमा छन् । तर, रौटहटमा भने कोरोनाबाट मृत्यु हुनेको संख्या दुई मात्र छ।

वीरगञ्जमा दैनिक कोरोना संक्रमित ठूलो संख्यामा थपिँदै गएपछि आइसोलेसन त परको कुरा, संक्रमितहरुलाई राख्ने क्वारेन्टिनको समेत अभाव छ।

प्रजिअ कार्कीका अनुसार १४२ जना कोरोना संक्रमित अहिले घरमै बसिरहेका छन् । यसले वीरगञ्ज थप जोखिमतर्फ उन्मुख भएको सहजै आकलन गर्न सकिन्छ । जिल्ला प्रशासन कार्यालयले कोरोना संक्रमण नियन्त्रणका लागि शनिबारदेखि बिहान पाँच बजेदेखि साँझ पाँच बजेसम्मको लागि निषेधाज्ञा जारी गरेको छ। तर, सीमा पार क्षेत्र र बजारमा हुने आवत–जावत नरोकिएको वीरगञ्ज महानगरपालिकाका सल्लाहकार गोविन्द देवकोटा बताउँछन्।

मृतकको संख्या बढेपछि वीरगञ्जमा त्रासको वातावरण छ, उनी भन्छन्, तर, बजारमा हुने भीड अझै रोकिएको छैन।'

चिकित्सक नै आइसीयूमा

नारायणी अस्पतालको प्रयोगशालमा प्रतिदिन ३५० देखि ५ सयको संख्यामा स्वाब परीक्षण भइरहेको मेसु उपाध्याय बताउँछन् । उनका अनुसार परीक्षणका क्रममा शनिबार ४५, शुक्रबार ६५, बिहीबार ४४, बुधबार ५४ जनामा कोरोना पोजेटिभ देखियो।

आइसियुमा रहेको कोरोना संक्रमित कोरोना संक्रमित चिकित्सकको अवस्था सम्बेदनशील रहेको डा. उपाध्याय बताउँछन्। ३० जना अस्पतालकै कर्मचारीमा कोरोना संक्रमण भएको छ । जसमा १० जना नारायणी अस्पतालका चिकित्सक छन्। ६ जना नर्स र ६ जना पारामेडिक्स रहेका छन्।

त्यसैगरी एकजना एम्बुलेन्सका चालक, एकजना प्रशासनका कर्मचारी र चार जना कार्यालय सहयोगीलाई कोरोना संक्रमण भएको छ । तर, स्वास्थ्यकर्मीलाई पनि आइसोलेसन बेड उपलब्ध छैन।

वीरगञ्ज कारागारमै एक महिलासहित आठ जनामा कोरोना संक्रमित छन्। उनीहरुको अहिले संक्रमित कैदीबन्दीलाई कारागारको हाताभित्र स्थापना गरिएको आइसोलेसन कक्षमा उपचार भइहरेको कारागार प्रमुख (जेलर) श्रवणकुमार पोखरेल बताउँछन्।

नारायणी ५० शैयाको अस्पताल हो । जसमा १० वटा आइसीयू बेड छन् । संक्रमित स्वास्वास्थ्यकर्मी सबैलाई अस्पतालमा राख्न सकिएको छैन, डा. उपाध्याय भन्छन्, संक्रमित बढेपछि हामीले ६४ जना संक्रमितलाई अस्पतालमै व्यवस्था गरेका छौँ।'

स्वास्थ्यकर्मीमा यसरी धमाधम कोरोना संक्रमण देखिएपछि कोरोना उपचारका लागि स्वास्थ्यकर्मीको संख्या बढाउनेतर्फ भने ध्यान नदिएको डा. उपाध्याय गुनासो गर्छन् । योबेला केन्द्र, प्रदेश र स्थानीय तह सहकार्य गरी जोखिमलाई नियन्त्रण गर्नुपर्ने हो੍, डा. उपाध्याय भन्छन्, तर, यो समन्वय नहुँदा ट्रेसिङ पनि राम्रोसँग हुन सकेको छैन। सबै तह आ–आफै तरिकाले हिड्दा तालमेल मिल्न सकेको छैन।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतवार स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्ररमण सिंहको नेतृत्वमा उच्चस्तरीय टोलीलाई वीरगञ्ज पठाएको छ।

कस्तो छ त वीरगञ्ज ?

भारतबाट नेपाल प्रवेश गर्ने प्रमुख नाकामध्य एक हो वीरगञ्ज । वीरगञ्ज शहर भारतीय नाकासँगै जोडिएको छ। तर, पर्सा छिर्ने छोटी भन्सार, आइसीपी र वीरगञ्ज भन्सार गरी तीनवटा वैधानिक नाकाहरु छन् । तर, भारतीय क्षेत्रसँग जोडिएको १०७ किलोमिटर दुरीको भूभाग निर्वाध आवत–जावत गर्ने खुला सीमा छ।

वीरगञ्ज महानगरपालिकामा सडकमा समेत व्यापार गर्ने भएकाले निकै मानिसहरु भीड लाग्छन् । रक्सौलबाट भारतीयहरु वीरगञ्जमा आएर व्यापार गर्छन् । लकडाउन खुलेसँगै व्यापारका क्रममा भारतबाट आवत–जावत बढेको छ । योबेला परीक्षणका कामहरु पनि भएनन्, सल्लाहकार गोविन्द देवकोटा भन्छन्, सीमा पनि खुला गरियो। पछि परीक्षण गर्दा ह्वात्तै संक्रमण बढेको देखियो।'

देवकोटाका अनुसार अहिले वीरगञ्ज महानगरपालिकामा यति धेरै कोरोनाको संक्रमित छन् कि परीक्षण गर्ने हो भने संक्रमित नभएको घर भेटाउन गाह्रो छ । लकडाउन खुले पनि भीडभाड गर्नुहुँदैन र सचेत हुनुपर्छ भन्नेखालको मानिसमा चेतना नहुँदा पनि संक्रमितको संख्या यसरी बढेको उनी बताउँछन्।

अहिले पनि सीमा क्षेत्रमा आवत–जावत नरोकिएको र अन्य जिल्लाहरुबाट पनि बजारमा आउने मान्छेहरुको संख्यामा त्यति कमी नआएको उनी बताउँछन्। तरकारी बजारजस्ता ठाउँहरुमा निकै भीड छ । मानिसहरु मास्कविनै हिँडिरहेका छन्, उनी भन्छन्, बोर्डर सिल गरेर एक गाउँरजिल्लाबाट अर्को जिल्लामा जानसमेत बन्द नगर्ने हो भने झन भयावहको अवस्था सृजना हुनेछ ।' कमजोर क्वारेन्टिन व्यवस्थापनका कारण पनि कोरोना संक्रमणको संख्या ह्वात्तै बढेको नागरिक समाजका अध्यक्ष दीपक शाक्य बताउँछन्। एक–डेढ सय मानिसलाई एकै ठाउँमा राख्दा कुनै व्यवस्थापन थिएन, उनले भने, क्यारेन्टिनमा बसेका मानिसहरु पनि कोरोना बोकेर घर फर्किए।'

कोरोनाका संक्रमणको भयावह अवस्थालाई नियन्त्रण गर्नका लागि वीरगञ्ज हेल्थ केयर १०० बेडको अस्पताललाई सरकारले लिएर शनिबारदेखि आइसोलेसन बनाएको सिडिओ कार्की बताउँछन् । त्यस्तै, स्कुललाई पनि १९० वेडको अर्को आइसलेसन बनाएको उनको भनाइ छ।

पहिले क्वारेन्टिन राखिएको स्कुललाई नै अहिले आइसोलेसनको नाम दिइएको हो । कार्की भन्छन्, लक्षण देखिएकालाई अस्पताल लान्छौं, होम आइसोलेसनमा बस्नुपर्ने संक्रमितहरुलाई घरमा र अरुलाई आइसलेसन अस्पतालमा राखने गरेको उनी बताउँछन्।'

अर्को १०० बेडको आइसलेसन अस्पताल पनि थप्ने क्रममा रहेको कार्की बताउँछन्। अहिले वीरगञ्ज हेल्थ केयरमा ११ जना, त्रिजुद्ध माविमा १५ जना, वीरगञ्ज कारागारमा १२ जना, सिद्धार्थ स्कुलमा २१ जना, वगही प्राथमिक स्वास्थ्य केन्द्र पर्सागढीमा ४ जना, होटल विजय ज्योतीमा ३ जना, सखुवा प्रसौनीमा २ जना र पटेर्वासुगौलीमा ४ जना संक्रमितलाई राखिएको छ।

त्यस्तै वीरगञ्जमा १४२, सखुवाप्रसौनीमा २, बहुदरमाई, छिपहरमाई, जगरनाथपुर र पोखरियामा १/१ जना संक्रमित होम आइसोलेसनमा छन्।

होम आइसोलेसन भनिए पनि मापदण्डअनुसार भएरनभएको अनुगमन गर्ने संयन्त्र बनाएर परिचालन गरिएको छैन। पर्साका १९३ जना संक्रमित अझै आइसोलेसन सेन्टरभन्दा बाहिरै छन्।

# सप्तरीमा २५ जनामा कोरोना संक्रमण पुष्टि

**सप्तरी ।** सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–२ लौनियाँमा एकैदिन २५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार सो वडामा ४ वर्षीय बालकदेखि ७१ वर्षका वृद्धमा आइतबार एकैदिन संक्रमण पुष्टि भएको हो।

संक्रमण हुनेमा ४ वर्षका दुई जना बालक, १५ वर्षीया एक किशोरी, ५५ वर्षीया एक महिला, ३५ वर्षीय तीन जना पुरुष तथा २६ , २२ र ४२ वर्षीय दुईरदुई जना पुरुष छन्। यस्तै ४७, ४०, २०, ४५, ३८, ३६, ३१, २४, ३८, ७१, ६० र एक जना उमेर नखुलेका पुरुषमा संक्रमण पुष्टि भएको छ।

आइतबार सप्तरीमा २७ जना नयाँ संक्रमित फेला परेकोमा २५ जना तिलाठी कोइलाडी गाउँपालिका–२ का थिए। अन्य दुई जना भने राजविराजका ४० र २८ वर्षीय पुरुष रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

आइतबार २७ जनामा संक्रमण पुष्टि भएसँगै सप्तरीमा कोरोना संक्रमितको संख्या ५ सयभन्दा माथि पुगेको छ। सप्तरीमा कोरोना संक्रमितको संख्या ५ सय २४ पुगेको छ।

संक्रमित अधिकांश भारत आवतजावत गर्ने

लौनियाँका २५ जना संक्रमित मध्ये अधिकांश नेपाल–भारत आवतजावत गर्ने गरेको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियाँलाल यादवले बताए।

उनका अनुसार लौनियाँ नजिकै भारतको कुनौली बजार रहेको र उनीहरु बारम्बार कुनौली गएर सरसामान लिएर आएको पाइएको छ। केही संक्रमित भने एकसाता अघि विष सेवनपछि संक्रमण पुष्टि भएका व्यक्तिको सम्पर्कमा रहेका व्यक्ति भएको यादवले बताए। सीमा नाकामा कडाई नगरिए ठूलो समस्या आउन सक्ने उनले बताए।

सूचना



बर्सेनि साउन महिनाभर काभ्रे कपलेश्वर बोलबम यात्रामा आउनु हुने भक्तजनहरुलाई यसवर्ष विश्वभर फैलिएको कोरोना महामारी र लकडाउनका कारण मन्दिरमा पुजाआजा र दर्शन कार्य बन्द गरिएकोले भक्तजनहरुलाई नआउनहुन आग्रह गर्दछौं। यसवर्ष मन्दिरमा पुजाआजा र दर्शनमा रोक लगाइएको छ।

काभ्रे कपलेश्वर मन्दिर व्यवस्थापन समिति
लहान नगरपालिका-१६,सिरहा

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

# व्यवसायिक बन्दै टिकटक स्टारः १५ सेकेन्डको भिडियोबाट बीसौं हजार

## नयाँ गीतमा सशुल्क अभिनय गरेर पैसा कमाउन थाले टिकटकर




**काठमाण्डौं ।** अहिले नेपाली गीत–संगीतको प्रबर्द्धन गर्ने सबैभन्दा सहज र सशक्त हतियार बनेको छ चाइनिज एप टिकटक। अहिले जेजति गीतहरु यूट्यूवमा हिट भएका छन्, तीमध्ये अधिकांसले टिकटकबाटै दर्शक कमाएका हुन्।

अहिले सबैको मुखमा भुण्डिएको गीत हो, निशान भट्टराई र एलिना चौहानले गाएको के माया लाग्छ र ? यो गीतले करिब ३५ दिनमा ७७ लाखभन्दा बढि भ्यूज पाएको छ। स्मरणीय के छ भने सुरुवातमा यो गीतको भ्यूज निकै सुस्त थियो। तर, जब टिकटकमा गीत भाइरल भयो, दर्शकहरु यो गीत खोज्दै यूट्यूवमा ओइरियो । त्यसपछि लोकप्रियताको ग्राफ ह्वात्तै उकालो लाग्यो।

यसरी टिकटकको प्रभावकारीता बढ्दै गएपछि अहिले नयाँ गीत निकाल्नेहरु पनि कसरी टिकटकमा आफ्नो गीतलाई प्रख्यात बनाउने भनेर दौडमा लाग्न थालेका छन् । अत्यधिक यान फलोअर्स भएका टिकटक स्टारहरुको खोजी हुन थालेको छ। र, टिकटक बनाउने काम पनि व्यवसायमा परिणत हुने क्रममा छ। टिकटक स्टारहरुलाई पैसा दिएरै आ नो गीतमा अभिनय गराउन चाहनेहरु बढिरहेका छन्।

टिकटकमा अत्यधिक यान फलोअर्स भएका नेपाली स्टार हुन्, जुम्याहा दिदीबहिनी अर्थात् प्रिज्मा र प्रिन्सी खतिवडा । टिकटकमा ६५ लाखभन्दा बढि फलोअर्स भएका यी दिदीबहिनीलाई अहिले म्युजिक भिडियोमा पनि निकै छाएका छन् । अहिले नयाँ गीत ल्याउनेहरुले सबैभन्दा पहिले खोज्ने टिकटक स्टार पनि उनीहरु नै हुन्।

बुझिएअनुसार ट्विनी गर्ल्सले एउटा गीतमा न्यूनतम २० हजार लिएर टिकटक भिडियो बनाउने गर्छन् । उनीहरुले अभिनय गरेको भिडियो ६५ लाखमा पुग्ने भएकाले गायक–गायिकाहरु पनि सहजै उनीहरुलाई यति रकम दिन तयार हुन्छन्। यो रकम दिदीबहिनीका लागि संयुक्त हो।

दिदी प्रिज्माले पछिल्लो समय सशुल्क अभिनयका लागि थुप्रै अफरहरु आउने गरेको स्वीकारिन् । उनले भनिन्, अफरहरु धेरैले गर्नुहुन्छ । हामीलाई गीत सुनेर मात्र कति पैसामा गर्ने भनेर निर्णय लिन्छौं।

उनले आफूलाई एकदमै मन परेका गीतहरुमा भने बिना पैसा स्वतःस्फुर्त अभिनय गरेको बताइन्। सबै टिकटक भिडियो पैसा लिएरै अभिनय गर्छौं भन्ने होइन। आफूलाई धेरै मन परेको त यत्तिकै गरिरहेका हुन्छौं। अरु भिडियोका लागि हाम्रो आफ्नो रेट छ। तर, पैसा लिएर पनि जे पायो त्यही गीतमा चाहिँ टिकटक बनाउँदैनौं, प्रिज्माले सुनाइन्।

ट्विनी गर्ल्सपछि रेश्मा घिमिरे, उषा उप्रेती, मञ्जिल बस्नेत, अस्मिता गुरुङ, दिपा दमन्ता, सुधिर श्रेष्ठलगायत टिकटकर अत्यधिक डिमान्डेड छन्। यति मात्र होइन, ५ वर्षकी बालिका शैलिन श्रेष्ठलाई पनि सशुल्क अभिनयको प्रस्ताव आउन थालेको छ। नआओस पनि किन टिकटकमा उनका साढे चार लाखभन्दा बढि फलोअर्स छन्।

टिकटक स्टार मात्र होइन, टिकटकमा सक्रिय रहेका चलचित्र क्षेत्रका स्थापित कलाकारलाई पनि यस्तो अफर आउने गरेको छ । कोरोना र लकडाउनले गर्दा धेरै सेलिब्रिटीहरु फुर्सदिला पनि छन् । धेरैजसो नायिकाहरु अहिले टिकटकमै भुम्मिएका छन् । उनीहरुमध्ये धेरै फलोअर्स भएकाहरुले शशुल्क टिकटक बनाउन थालेका छन्।

टिकटकमा झण्डै ९ लाख फलोअर्स भएकी नायिका वर्षा राउत भन्छिन्, अहिले यस्तो अफर धेरै आउँछन्। रेट मिल्यो भने गर्छु, नत्र गर्दिनँ। बर्षाले एउटा गीतको टिकटक भिडियोका लागि ३० हजारसम्म लिने गरेको बुझिएको छ। यद्यपि उनले चाहिँ आ नो रेट खोल्न चाहिनन्।

वर्षापछि आँचल शर्मा, निता ढुंगाना, लगायतका नायिकाहरुले टिकटकमा अत्यधिक फलोअर्स कमाएका छन् । पुरुष सेलिब्रिटीहरुको उपस्थिति भने टिकटकमा कमजोर छ।

### संगीतकर्मी रुष्ट

कतिपय संगीतकर्मीहरु भने पैसाको चर्को बार्गेनिङ गर्न थालेको भन्दै टिकटक स्टारसँग रुष्ट पनि छन् । १५ सेकेन्डको भिडियोका लागि पनि २५–३० हजार माग्नु जायज नभएको उनीहरुको टिप्पणी छ।

संगीतकार अर्जुन पोखेल भन्छन् हामीले चलचित्र म यस्तो गीत गाउँछु २को तिम्रो घरको वरिपरी बोलको गीतमा टिकटक बनाउन केही राम्रो फलोअर्स भएका प्रयोगकर्ताहरुलाई आग्रह गरेका थियौं । तर, उहाँहरुले पैसाको बार्गेनिङ गर्न थाल्नुभयो । २५–३० हजार भन्दा कममा टिकटक बनाउन सक्दैनौ भनेपछि हामीले पनि फेरि आग्रह गरेनौ। तर, पछि गीत लोकप्रिय भएपछि उहाँहरुले आफैले टिकटक बनाउनु भएछ । नायक तथा मोडल पल शाहले पनि आफूले बार्गेनिङको समस्या भोगेको बताए। उनले भने, कुनै सर्जकले आफ्नो गीत प्रमोशन गरेको रकम दिन्छ भने लिनु नराम्रो होइन। तर, एउटा गीतको १५ सेकेन्डको क्लिप्समा अभिनय गरिदिन्छु भनेर बार्गेनिङ गर्नु संगीतको सम्मान होइन । यसले, संगीत क्षेत्रलाई माथि लैजान मद्दत गर्दैन।'

पल अगाडि भन्छन् एउटा गायकले १५–२० हजारमा दुख गरेर गीत गाउँछ, उक्त गीतसँग आवद्ध सबैले उस्तै मिहिनेत गरेर सिर्जना तयार गर्छन् । एउटा मोडलले ४०–५० हजारमा एक हप्ता वर्कशप गरेर, २–३ दिनसम्म दुख गरेर काम गर्छ। भिडियोको टिमले कम पैसामा गरेको मिहिनेत प्रशंसायोग्य छ । तर, सोही गीतको सानो टुक्रामा टिकटक बनाएवापत २५–३० हजार बार्गेनिङ गर्ने कलाको सम्मान होइन।

पलले टिकटक प्रतिभा देखाउने स्थान भएको भन्दै फलोअर्स देखाएर यसैमा बार्गेनिङ गर्न थाल्ने हो भने त्योभन्दा माथि कसरी जाने भनेर प्रश्न गरे।

पलले दुखेसो व्यक्त गर्दै भने–म यस्तो गीत गाउँछु २ को गीत सार्वजनिक हुँदा मसँगै म्यूजिक भिडियोमा काम गर्नुभएको केही टिकटकर्स लाई मैले आग्रह गरेको थिएँ । तर, उहाँहरुले २५–३० हजार नदिई काम गर्न नसक्ने बताउनुभयो । मलाई यो कुराले निकै दुःख लाग्यो । कतिपय अवस्थामा त सम्बन्धको कुरा पनि हुन्छ।

पलले आफूलाई मन परेको गीतको भिडियो आफनो पेजमा शेयर गर्ने गरेको पनि बताए । गायक, म्यूजिक भिडियो निर्माता तथा निर्देशक सरोज वलीले आफूले पनि सुरुवाती दिनमा केही टिकटक प्रयोगकर्ताहरुलाई पैसा दिएर खेलाएको बताए । उनले भने–बजारमा यस्तै चलेको रहेछ भनेर मैले पनि केही व्यक्तिहरुलाई पैसा वुझाएको थिएँ। तर, अहिले आफूमाथि नै मानिसहरु निर्भर हुन थालेको सोचेर होला उहाँहरुले पैसाको चर्को बार्गेनिङ गर्न थाल्नुभएको छ।'

तर, टिकटकमा राम्रो फलोअर्स कमाउनका लागि त्यसका प्रयोगकर्ताले निकै मिहिनेत पनि गरेका हुन्छन्। १५ सेकेन्डको भिडियोका लागि पनि घन्टौं लाग्न सक्छ । यस्तोमा आफूले मागेको पैसालाई चर्को भन्न नमिल्ने टिकटक स्टारहरुको दावी छ।

नाम नबताउने शर्तमा एक टिकटक स्टारले भनिन्, टिकटकले गर्दा नै अहिले धेरै नेपाली गीतहरु हिट भइरहेका छन् । हामीले एउटा १५ सेकेन्डको भिडियो बनाउँदा लाखौं फलोअर्समा पुग्छ । यत्तिको प्रमोसन अरु ढंगले गर्नुपर्यो भने उहाँहरुले एक लाखसम्म खर्च गर्नुपर्छ। हामी कसरी महंगा भयौं ?

गायक तथा संगीतकार पोखरेल पनि राम्रो फलोअर्स हुनेले डिमाण्ड गर्नु गलत नभएको बताउँछन् । उनले भने, हो, फेसबुक, इन्स्टाग्राममा पनि राम्रो फलोअर्स कमाएका सेलिब्रिटीले ब्रान्डको प्रमोशन गरेको राम्रो रकम लिन्छन्। यसैले, टिकटकमा पनि फलोअर्स हुनेहरुले पैसा लिनु नराम्रो होइन । तर, सानो संगीत क्षेत्र र ठूलो विज्ञापन बजारलाई एउटै नजरले हेर्नु हुदैन ।न्गायक ओली भने कोभिड१९ पछि थला परेको संगीत क्षेत्रलाई सहयोग गर्न टिकटक स्टारहरुले पनि उदारता देखाउनुपर्ने बताउँछन्।

उनी भन्छन, घरमै बसेर बनाउने१५ सेकेन्डको भिडियोका लागि २० देखि ३५ हजारसम्म बार्गेनिङ गर्नु गलत कुरा हो । यसले, बनाउने र बनाउन आग्रह गर्ने दुबैका लागि हित गर्दैन।

### उत्कृष्टता ओझेलमा

टिकटकमा त्यस्ता गीतहरु भाइरल हुन्छन्, जसका शब्दहरु क्याचीन्र उटपटाङ छन्। के छ है ठिकै छ टाइपका गीतहरु यसरी भाइरल हुन थालेपछि मिहिनेत गरेर बनाइएका मेलोडियस गीतहरु भने ओझेलमा पर्ने खतरा बढेको छ । अहिले धेरै नयाँ सर्जकहरु यस्तै हल्काफुल्का गीतको पछि दौडिन थालेका छन्।

तर, टिकटकले नेपाली लोकसंगीतलाई भने निकै फाइदा पुऱ्याइरहेका छन् । टिकटकमा लोकप्रिय भएकामध्ये अधिकांस लोकलयका गीत छन् । नयाँ पुस्तालाई नेपाली लोकसंगीततर्फ आकर्षित गर्न टिकटकरले निकै योगदान पुऱ्याइरहेको कुरालाई नजरअन्दाज गर्न मिल्दैन।

कोभिड १९ पछि नेपाली सांगीतिक क्षेत्र थला परेको छ। अहिले लगानीकर्ताहरु यसलाई उभो लगाउन लागिपरेका छन् । लकडाउन खुलेसँगै बजारमा म्यूजिक भिडियो छायांकनमा कलाकार, प्राविधिक, निर्देशक व्यस्त छन् । जसले, योसँग जोडिएका सबै क्षेत्रलाई राहत दिएको छ। यस्तो बेला टिकटक स्टारहरुले पनि नेपाली गीत–संगीतको प्रबर्द्धनमा निकै योगदान दिनसक्ने अवस्था आएको छ।

गीत राम्रो भएमा आफैं चल्छ भन्ने एकखालको मान्यता छ । अर्कोतर्फ, बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन भन्ने पनि यथार्थ हो। त्यसैले राम्रो संगीतलाई पनि प्रचारप्रसार आवश्यक हुन्छ। यस्तोमा टिकटक स्टारहरुबाट नेपाली संगीत क्षेत्रले आशा राख्नु अश्वभाविक होइन।

सभार : अनलाइनखबर


## सूचना

जिल्ला उद्योग वाणिज्य संघ लहान सिरहाको सम्पूर्ण उद्योगी व्यवसायीहरुमा निम्न अनुसार पालना गरी व्यवसाय संचालन गरी दिन हुन अनुरोध छ ।

१ सरकारले तोकेको कार्यालयबाट व्यापार/उद्योगको दर्ता गरी व्यवसाय सुरु गर्नु पर्नेछ ।

२ आन्तरिक राजश्व कार्यालयबाट अनिवार्य रुपमा PAN प्रमाण–पत्र लिई मात्र व्यवसाय सुरु गर्नु पर्नेछ ।

३ कर पाटी र PAN दर्ता प्रमाण–पत्र सबैले देख्ने स्थानमा अनिवार्य रुपमा टाँस्नु पर्नेछ ।

४ समान खरिद र बिक्री गर्दा अनिवार्य रुपमा बिल, बिजक जारी गर्नु पर्नेछ ।

५ स्थानीय सरकार र उद्योग वाणिज्य संघमा व्यवसाय दर्ता गराई प्रत्येक वर्ष नविकरण गर्नु पर्नेछ ।

६ अन्तशुल्क लाग्ने वस्तु बिक्री वितरण गर्न अन्तशुल्क इजाजत प्रमाण–पत्र लिई अन्तशुल्कको स्टीकर भएको समान (जस्तो सुर्तिजन्य वस्तु आदि) मात्र बेच्नु पर्नेछ ।

७ PAN/VAT मा दर्ता हुने व्यवसायीले खरिद बिक्री खाता र स्टोक मिलाएर राख्नु पर्नेछ ।

८ उपरोक्त नियम पालना गरी व्यवसाय संचालन गर्नु भएमा जरिवानाबाट छुटकारा पाउनु हुनेछ, अन्यथा जरिवाना लाग्नेछ ।

जिल्ला उद्योग वाणिज्य संघ
जिल्ला कार्य समिति सिरहा, लहान
(सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ)


पत्रपत्रिका मागेर होइन, किनेर पढौं ।

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : लहानपोस्ट् दैनिक कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)